
जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू



जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ११ • अंक ३५ • २०८० मंसिर १२ गते मंगलवार • 28 Nov. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## परम्परागत रूपमा कमला नदी किनारमा अनौठो भूतमेला

**गणेश कुमार सिंह**
**सिरहा, ११ मंसिर**



कमला नदीको किनारमा प्रत्येक वर्ष कात्तिक पूर्णिमामा अनौठो तथा भूतमेला लाग्ने गर्छ। धनुषासहित सिरहा, सप्तरी, महोत्तरी, उदयपुर र सीमावर्ती 'भारतको मधुवनी, दरभङ्गा, समस्तीपुर, जयनगरलगायतका स्थानबाट ठूलो संख्यामा सर्वसाधारण कमला नदीमा स्नान गर्न आउने गर्दछन्।'पापकी छय, धर्मकी जय, हई भगतकाली राधो बन्नी..' यस्तै आआफना इष्ट देवताकोको नाम फलाक्दै धामीझाँक्री मिर्दङ (मादल), झ्याली, ढोल पिपही जस्ता बाजाको तालमा कमला नदीमा शपथ ग्रहण गर्न पुग्ने प्रचलन छ।

कतिपयले कात्तिक पूर्णिमाको पूर्वसन्ध्यामा आइतबार कमला नदी तट पुगेर राति बास बसेका र बिहानै उठेर कमला नदीमा ज्ञान गर्ने श्रद्धालु बताउँछन्। कमला नदीमा स्नान गरिए कमलेश्वरी देवीले तान्तिक विद्याको बर दिने तथा योग पाको हुने जनविश्वासका कारण वर्षेनी कमलामा स्नान गर्नेको संख्या बढ्दै गएका छन्। भूतमेलामा स्नान गरेपछि घर आउने बेलामा 'भक्तजनले कमला नदी र गङ्गासागरको शुद्ध पानी आआफ्नो घर लैजान्छन्। मूलधामीले मन्त्र सिद्धी गरिदिएपछि धामी बन्ने प्रक्रिया पूरा हुन्छ। तन्त्रशास्त्रका अनुसार तन्त्रसिद्धीका लागि यस दिन पूर्णाहुती दिने चलन छ। मिथिलाञ्चलमा सदियौंदेखि तन्त्र विधामा सर्वसाधारणको विश्वास छ। पहेलो धोती र सारीमा सजिएका नयाँ सिकारु धामीझाँक्री हातमा बलेको आगोसहितको माटोको ढकना (भाँडा) र बेतको लाठी घुमाउँदै चर्को स्वर मा चिच्याइरहन्छन्। उनीहरु आफूमा

बांकी पृष्ठ २

## कलेजबाट श्री ५ लेखेको शिलालेख हटाइयो

**जलेश्वरटुडे समाचारदाता**
**बिर्तामोड, ११ मंसिर**




पूर्वराजा ज्ञानेन्द्र शाहद्वारा उद्घाटन गरि एको पृथ्वीनारायण शाहको सालिकमा श्री ५ लेखेर अनावरण गरिएको सालिकको शिलालेख हटाइएको छ। बिर्तामोड -१ स्थित इकम कलेजमाथि कारबाही प्रक्रिया अघि बढेपछि कलेजले हटाउन लगाएको हो।

सो कलेजको दर्ता खारेजीका लागि प्रक्रिया पनि अगाडि बढेको बताइएको छ। कलेजले बहालवाला राजासरह पूर्वराजा ज्ञानेन्द्र शाहबाट सालिक अनावरण गर्न लगाउँदै देशमा राजतन्त्र भए जसरी 'श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहको करकमलबाट बिर्तामोड नगर पालिका-१ झापामा रहेको इकम कलेजको प्राङ्गणमा स्थापित राष्ट्र निर्माता श्री ५ पृथ्वीनारायण शाहको सालिक अनावरण' गरिएको थियो। इकम कलेजले संविधानको ठाडो उल्लङ्घन गरेकाले दर्ता खारेजी प्रक्रिया अगाडि बढाइने बिर्तामोड-१ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले

बांकी पृष्ठ २

## महोत्तरीमा प्रहरी जवानलाई गोली लागेको घटनामा असई बच्चा यादव निलम्बित

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ११ मंसिर**



महोत्तरीमा प्रहरी जवानलाई गोली लागेर घाइते भएको घटनामा संलग्न असई बच्चा भन्ने रामेश्वर प्रसाद यादव निलम्बित भएका छन्। डाँका समातेको खुसीमा पेस्तोल खेलाउँदा प्रहरी जवान र ाजेशकुमार साहलाई गोली लागेर घाइते भएको घटनामा उनलाई मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले निलम्बन गरेको हो। उनी महोत्तरीको हलखोरी प्रहरी चौकीका इन्चार्जको रुपमा कार्यरत थिए। तर घटना बाहिर आएपछि उनलाई तीनदिन अघि नै चौकी इन्चर्जको जिम्मेबारीबाट हटाइएर जिल्ला तानिएको छ। आइतबार अपराह्न असइ यादवलाई प्रदेश प्रहरी प्रमुख डिआजी जनक भट्टराईले निलम्बन गरेको कार्यालयका प्रवक्ता एसएसपी प्रविन पोखरेलले जानकारी दिए। शनिबार महोत्तरी प्रहरीले असई

बांकी पृष्ठ २

## गौशालाबाट धर्मगुरु आचार्य श्रीनिवास सहित १४ जना पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ११ मंसिर**



दुर्गा प्रसाईं नेतृत्वको प्रदर्शनमा सहभागी भएको आरोपमा प्रहरीले काठमाडौंको गौशालाबाट १४ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सुनसरी घर भएका धर्मगुरु श्रीनिवास आचार्यसहित १४ जना छन्। आचार्य श्रीनिवासले त्रिशुल लिएर सडकमा निस्केको र अराजक अभिव्यक्ति दिएको आरोप छ। पक्राउ पर्नेमा अछाम घर भएका भोजराज तिमल्सिना, सुनसरीका निकेश बास्तोला, रामेछाप घर भएका हरि बिसुन्के, सर्लाहीका दीपक गोस्वामी, दोलखाका देवेन्द्र कार्की, उदयपुर घर भएका भुवन परियार, पूर्वी नवल परासीका यदुनाथ सिग्देल र राजु तामाङ छन्।

पर्वत घर भएका देउबहादुर रिजाल, भक्तपुरका युभिन श्रेष्ठ, श्रीनिवास आचार्य, सुनसरीका सुजन खड्का, खोटाङ घर भएका मेहरमान बस्नेत र सुनसरीका दीपेश खड्कालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ गरिएका मध्ये केही सामान्य घाइते छन्।

## रास्वपाको केन्द्रीय समिती तथा संसदिय दलको संयुत बैठक जलेश्वरमा शुचारु

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ११ मंसिर**



राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय समिति तथा संसदिय दलको संयुक्त महोत्तरीको जलेश्वरमा आयोजन गरिएको छ। सोमबार दिउँसो जलेश्वर न.पा. २ स्थित अग्रवाल पार्टी प्यालेसको सभाहलमा राष्ट्रिय स्वतन्त्र पार्टिका सभापति तथा पुर्व गृहमन्त्री रबि

बांकी पृष्ठ २

## बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड






## सम्पादकीय ...

# पशु बजार व्यवस्थापन गर्न जरुरी

नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३० प्रतिशत रहेको तथ्याङ्क छ । यस कारण यो क्षेत्रको सङ्ख्यात्मक एवं गुणात्मक सुधारका लागि विभिन्न प्रयास भएका छन् । तर यस क्षेत्रमा हुने उत्पादन दूध र अन्डा बाहेकको कुनै व्यवस्थित बजारीकरण भएको देखिँदैन, पारम्पारिक रूपमा छ । यसो हुनुको कारक तत्त्व हाम्रा उत्पादकहरू असङ्गठित छन् । उत्पादनको अवस्था पनि ससाना परिमाण र छरिएको छ । पशुपन्छी उत्पादन, ताजा तरकारी उत्पादनका बिक्री गर्नुलाई विविध खाले बजार शृङ्खला पार गर्नुपर्ने हुन्छ, जुन जटिल र पट्यार लाग्दो पनि । बरु उत्पादनमा संलग्न नहुने तर बजारीकरण अभ्यस्त एउटा शृङ्खला त झनै जटिल छ । त्यसैले हाम्रा कृषक भन्छन्, "उत्पादन शृङ्खलाका लागि सामग्री जुटाउन त कठिन छ, उत्पादित सामग्री बिक्री गर्न अझ कठिन छ ।" कृषिजन्य बजारका तीन वटा पाटा छन्, जसमा जिउँदो पशुपन्छीको बजारीकरण, पशुपन्छीजन्य उत्पादनको बजारीकरण र हरियो ताजा तरकारी उत्पादनको बजारीकरण छन् ।जिउँदो पशुपन्छीको बिक्री वितरण शताब्दीदेखि हुँदै आएको देखिन्छ । जुन प्रारम्भिक अवस्थामा साटासाट व्यवस्था अनुसार गरिन्थ्यो । तर क्रमश: यो अवस्था बजारीकरणतर्फ गएको चाहिँ विगत तीन दशकदेखि मान्न सकिन्छ । हाम्रो परिप्रेक्ष्यमा पशुपन्छीहरू खास गरी कुनै मेला, नियमित बिक्रीस्थल तथा साप्ताहिक, मासिक हाट बजारमा बिक्री गरिने प्रचलन छ । मेलाहरूमा बिक्री गरिने पशुपन्छीमा भारी बोक्ने, जोत्ने, गाडा तान्ने अनि सोख एवं मनोरञ्जनका लागि प्रयोग गरिने पशुपन्छीकै खरिद बिक्री हुने गर्छ । तर नियमित अनि साप्ताहिक एवं मासिक रूपमा लाग्ने पशुपन्छी बजारमा भने दुधालु गाईभैंसी र बाँकी मासुको प्रयोजनका लागि पशुपन्छीको खरिद बिक्री हुने गर्दछ । हाम्रो आफ्नो परिवेशमा पूर्वको झापादेखि पश्चिम नेपालगञ्ज तथा मधेससम्ममा अव्यवस्थित रूपमा नियमित, साप्ताहिक एवं मासिक गरी अनुमान १००–१५० वटा जति पशुपन्छी बजार सञ्चालित छन्, जुन संस्थागत, व्यक्तिगत रूपमा नियन्त्रित छन् जसको व्यस्थापन गर्न जरुरी देखिन्छ ।

**परम्परागत ........**

आएको देउतालाई सिद्ध गर्न गंगास्नान गर्न आएका बताउँछन् । विशेषगरी ग्रामीण मधेशमा अझै पनि टुनामुनामा विश्वास गर्ने महिला पुरुषको संख्या ठूलो छ । 'कुलदेवता' खेल्दा भूतजस्तो गर्ने गरेकाले पूर्णिमा मेलालाई 'भूतमेला' भन्ने गरिन्छ ।

**कलेजबाट ........**

बताउनुभयो । पाण्डेले इकम कलेजसँग पत्र पठाएर स्पष्टीकरण सोधिने र दर्ता खारेजीका लागि बिर्तामोड नगरपालिकाको शिक्षा शाखालाई अनुरोध गरिने बताउनुभयो । चौतर्फी विरोधपछि इकम कलेजको प्राङ्गणबाट 'श्री ५' लेखिएको शिलालेख हटाएको थियो ।

कलेजका सञ्चालकले आफूहरुबाट त्रुटि भएको स्वीकार गरिसकेका छन् । सालिक अनावरण गर्ने क्रममा राखिएको शिलालेखको भाषामा त्रुटि भएको महसुस भएपछि त्यसलाई हटाइएको कलेजका संस्थापक अध्यक्ष एवम् सीइओ आलोक कार्कीले बताउनुभयो। अर्को शिलालेखमा 'श्री ५' को सट्टा पूर्व राजा भनेर लेखिने उहाँले जानकारी दिनुभयो । सो कलेजले गत शनिबार पूर्वराजा ज्ञानेन्द्रबाट सालिक अनावरण गराएको थियो ।

यसअघि शिलालेखमा 'श्री ५' लेखेपछि प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले पनि स्पष्टीकरण सोध्नुभएको थियो । त्यसपछि कलेज प्रशासनले शिलालेख हटाएको थियो । इकम कलेज ८ वर्षदेखि सञ्चालनमा छ । सो कलेजले होटल म्यानेजमेन्ट, विज्ञान र व्यवस्थापन सङ्कायको कक्षा सञ्चालन गर्दै आएको छ ।

**महोत्तरीमा ........**

यादवलाई निलम्बन प्रक्रियाको लागि प्रदेश प्रहरी कार्यालय जनकपुरलाई पत्र पठाएको थियो । प्रहरी स्रोतका अनुसार कात्तिक ३० गते राति असई यादव डाँका समातेको खुसीमा जिल्ला प्रहरी कार्यालय महोत्तरीमा भएको रात्री भोज खाएर फर्केपछि पेस्तोल खेलाउँदा सेन्टरी बसेका प्रहरी जवान राजेश कुमार घाइते भएका थिए । एक पाखुरामा गोली लागेर घाइते भएका जवानलाई असई यादवले घटना लुकाउन भारत उपचारमा पठाएका थिए । भरतीय प्रहरीले थाहा पाएपछि सप्तरी प्रहरीलाई खर गरेका थिए ।घाइते प्रहरी जवानको घर सप्तरी हो । सप्तरी प्रहरीले महोत्तरी प्रहरीलाई गत शुक्रबार जानकारी गराएपछि मात्र यो घटना सतहमा आएको थियो । लगतै महोत्तरी प्रहरीले असई यादवलाई चोकीको जिम्मेवारीबाट हटाएर जिल्ला तानेको थियो । घटना छानबिन गर्न महोत्तरी प्रहरीले छानविन टोलि गठन गर्ने तयारी गरेको छ । हिजो मात्र निलम्बन भएकाले आज वा भोलिमा छानबिन टोली गठन गर्ने महोत्तरीका प्रहरी उपरीक्षक प्रकाश मल्लले बताए । गत कात्तिक २० गते महोत्तरीको जलेश्वर नगर पालिका-८ सानो रतवाराका भुवनेश्वर चौधरीको घरमा हातहतियारसहितको ७/८ जनाको समूहले लुटपाट गरेको थियो । त्यस घटनामा संलग्न रहेको आरोपमा गत कात्तिक २८ गते महोत्तरी प्रहरीले रौतहटबाट सर्लाही लालबन्दी नगरपालिका-२ बस्ने ३२ वर्षीय शक्ति पासवान र ३३ वर्षीय अजय पासवानलाई पक्राउ गरेर ल्याएको थियो । त्यही खुसीमा दुई दिनपछि कात्तिक ३० गते जिल्ला प्रहरी कार्यालयमहोत्तरीमा रात्रिभोज आयोजन भयो । असई यादव पनि डाँका पक्राउ गर्न जाने टोलिमा शिविलमा खटेकाले उनलाई पनि रात्री भोजमा सहभागी गराइएको थियो । चौकीमा फर्केपछि रमाइलो गर्न पेस्तोल खेलाउँदै गर्दा पड्किएर गोली सेन्टरी बसेका जवान साहलाई लागेको स्रोतको दावी छ । स्रोतका अनुसार असई यादवले भने चेन्जर सफा गर्ने क्रममा पेस्तोल पड्केर पोलमा लागी फर्किएर प्रहरी जवानलाई लागेको दाबी गरिरहेका छन् ।

**रास्वपाको ........**

लामिछानेको अध्यक्षतामा अन्दाजी ३५/४० जनाको उपस्थितिमा केन्द्रिय समिती तथा संसदिय दलको संयुक्त बैठक बसेको थियो । सो बैठकमा पार्टी उपसभापति तथा प्रतिनिधि सभा सदस्य डोर प्रसाद अर्यालको समेत उपस्थिति रहेको थियो ।

पूर्व निर्धारित कार्यक्रमको अनुसार रास्वपाको अध्यक्ष लामिछानेले बिहानै आफ्ना कार्यकर्ता तथा नेताहरुसँगै जलेश्वरनाथको दर्शन गरी विशेष पुजाआजा गरेका थिए । वहाँले जलेश्वर नाथको दर्शन गर्नुका साथै यहाँ विभिन्न ठाउँहरुको अवलोकन समेत गर्नुभयो । सो कार्यक्रमको आयोजन तथा व्यवस्थापन महोत्तरी रास्वपा ईन्चार्ज शुभम कुमार यादवले गरेका थिए । यो बैठक ३ दिन सोमबारदेखि बुधबार सम्म संचालन रहने समेत ईन्चार्ज यादवले जानकारी गराए ।

जलेश्वरनाथको दर्शन गरौं र सुख,शान्ति तथा बैभव प्राप्त गरौं ।



सोनमा गाउँपालिकाको कार्यालय,महोत्तरी

### तपाईको टुडे

मेष: परिवारीक सुख प्राप्ति
वृष: आफन्तबाट सहयोग
मिथून: मन खुश रहने
कर्कट: आर्थिक लाभ हुने
सिंह: मनमा डर बढने
कन्या: मनमा डर बढने
तुला: सम्मान भेटाउने
वृश्चिक: घरमा सहयोग भेटाउने
धनु: खर्च बढने
मकर: कोसेली प्राप्त हुने
कूम्भ: भक्तिभाव बढने
मीन: भ्रमणको योग

### मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# दक्षिण कोरियाको युवा जनसङ्ख्या आगामी ३० वर्षमा आधा हुने आकलन

एजेन्सी
सोल, ११ मंसिर

तीव्ररूपमा बढिरहेको बढ्दो उमेरको जनसङ्ख्या र कीर्तिमानीरूपमा कम हुँदै गएको न्यून जन्मदरका कारण आगामी ३० वर्षमा दक्षिण कोरियाली युवाहरूको सङ्ख्या आधा हुने अपेक्षा गरिएको मुलुकको तथ्याङ्क निकायले सोमबार बताएको छ। तथ्याङ्क कोरियाका अनुसार सन् २०२० मा १९ देखि ३४ वर्ष उमेर समूहको सङ्ख्या कूल जनसङ्ख्याको २० दशमलव चार प्रतिशत अर्थात एक करोड दुई लाख १३ हजार थियो। यो उमेर समूहको सङ्ख्या सन् १९९० मा एक करोड ३८ लाख ४९ हजारबाट सन् २००० मा एक करोड २८ लाख ८३ हजार र सन् २०१० मा एक करोड नौ लाख ६७ हजार भएपछि सन् २०५० मा यो सङ्ख्या घटेर ५२ लाख १३ हजार हुने अनुमान गरिएको छ।



सन् २०५० मा कूल जनसङ्ख्यामा युवाहरूको प्रतिशत घटेर ११ प्रतिशत हुने अनुमान गरिएको छ। कूल प्रजनन दर अर्थात एक महिलाद्वारा उनको जीवनकालमा जन्माउने शिशुको औसत सङ्ख्या तीव्ररूपमा बढ्दो जनसङ्ख्याका बिच सन् २०२२ मा शून्य दशमलव ७८ को न्यूनस्तरमा पुगेको छ। कूल युवा जनसङ्ख्यामा अविवाहित युवाहरूको प्रतिशत पाँच वर्षअघिको ७५ प्रतिशतबाट बढेर सन् २०२० मा ८१ दशमलव पाँच प्रतिशत भएको छ। यो आँकडा सन् २००० मा ५४ दशमलव पाँच प्रतिशतबाट तीव्ररूपमा बढेर सन् २००५ मा ६३ दशमलव दुई प्रतिशत र सन् २०१० मा ६८ दशमलव नौ प्रतिशत भएको छ।

# ३० करोड भन्दा कम चुक्तापुँजी हुने वित्तीय कम्पनीले अब घरजग्गा तथा गाडीमा लगानी गर्न नपाउने

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ११ मंसिर



अब ३० करोड रुपैयाँ भन्दा कम चुक्तापुँजी हुने बैंक तथा वित्तीय संस्थाले घरजग्गा तथा सवारी जस्ता हायर पर्चेजमा ऋण लगानी गर्न नपाउने भएका छन्। नेपाल राष्ट्र बैंकले सोमबार हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० चौथो संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो। केन्द्रीय बैंकले हायर पर्चेज कर्जा दिने कम्पनीको चुक्ता पुँजीको सम्बन्धमा थप व्यवस्था गर्दै हायर पर्चेज कर्जा दिने कम्पनीको न्यूनतम चुक्तापुँजी (साधारण शेयर) ३० करोड रुपैयाँ हुनुपर्ने बताएको छ। यस्तै हायर पर्चेज कर्जा दिन स्वीकृति लिने कम्पनीहरुले आफ्नो खुद सम्पत्ति (नेट वर्थ) को १० गुणा भन्दा बढी ऋण तथा सापटी लिन पाउने छैनन्।

यस प्रयोजनको लागि खुद सम्पत्ति भन्नाले कम्पनीको चुक्ता पुँजी, स्वतन्त्र कोषहरु र नाफा नोक्सान मौज्दातको कुल रकम मानिने केन्द्रीय बैंकले जनाएको छ। कम्पनीले ऋण तथा सापटी लिई कर्जा प्रदान गरेको अवस्थामा यसरी प्राप्त गरेको ऋण तथा सापटीमा दिनुपर्ने औसत ब्याजदरमा ४ प्रतिशत भन्दा बढी नहुने गरी हायर पर्चेज कर्जामा औसत ब्याजदर अन्तर कायम गर्नुपर्नेछ भने कर्जा प्रवाह गर्दा धितो मूल्याङ्कनको अधिकतम ८० प्रतिशतसम्म मात्र कर्जा प्रवाह गर्नु पर्ने केन्द्रीय बैंकले जनाएको छ। यस्तै, २५ लाख रुपैयाँ माथिको हायर पर्चेज कर्जामा ऋण प्रवाह गर्ने कम्पनीले ऋणको स्थायी लेखा नम्बर (प्यान) अनिवार्य लिनुपर्ने समेत केन्द्रीय बैंकले जनाएको छ।

# रणवीरको करियरको सबैभन्दा ठुलो ओपनिङ बन्ला 'एनिमल' ?

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ११ मंसिर

बलिउड अभिनेता रणवीर कपुरको नयाँ फिल्म एनिमलको अहिले निकै चर्चा भइरहेको छ। ट्रेलर सार्वजनिक भएपछि फिल्मप्रतिको चासो झनै बढाइदिएको छ। ट्रेलर आएको दुई दिनमै निर्माताहरूले फिल्मको एडभान्स बुकिङ सुरु हुने घोषणा गरि दिए। अहिले जुन रूपमा फिल्मको टिकटमा एडभान्स बुकिङ भइरहेको छ, यसलाई हेर्दा फिल्मले पहिलो दिन नै शानदार ओपनिङ पाउने देखिन्छ। फिल्मको एडभान्स बुकिङको ट्रेन्ड हेर्दा रणवीर कपुरको करियरको सबैभन्दा ठुलो ओपनिङ कलेक्सन गर्ने फिल्म बन्न सक्ने अड्कलबाजी गरिँदै छ। सैकनिल्कको रिपोर्टअनुसार



सोमबार बिहानसम्म एनिमलको लागि २ लाख भन्दा धेरै टिकट बुक भइसकेका छन्। भारतको तीन ओटा हल चेनमा मात्रै रणवीरको फिल्मको १ लाखभन्दा धेरै एडभान्स बुकिङ भइसकेको बताइएको छ। रिलिजको ४ दिनअघि एनिमलले एडभान्स बुकिङबाट मात्रै ७ करोड भारुको ग्रस कलेक्सन गरिसकेको छ।शुक्रवार सम्म पुग्दा बिक्रीदर तीव्र हुने अपेक्षा गरिएको छ। एनिमल कबीर सिंहका निर्देशक संदीप रेड्डी वांगाले बनाएको फिल्म हो। एनिमलमा रणवीर खुङ्खार ग्याङस्टर अवतारमा देखिँदैछन्। रश्मिका मन्दनासँगको रणवीरको रोमान्स अनि बबी देओलको भयानक भिलेन रोलले पनि धेरैलाई हलसम्म तान्ने अपेक्षा गरिएको छ।

# सदस्य-सचिव घिसिङलाई एसिया रग्बीको प्रतिष्ठित सेवा पुरस्कार

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ११ मंसिर

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङलाई एसिया रग्बीले प्रतिष्ठित सेवा पुरस्कारबाट सम्मान गरेको छ।

नेपाल रग्बी संघका पूर्व अध्यक्ष समेत रहेका घिसिङलाई उनको कार्यकालमा नेपालमा रग्बी खेलको विकास र विस्तारमा उल्लेखनिय योगदान पुर्याएवापत सम्मान गरिएको हो।

उज्वेकिस्तानको तास्केन्टमा भएको एसिया रग्बी अवार्ड कार्यक्रममा सदस्य-सचिव घिसिङलाई अवार्ड प्रदान गरिएको थियो।



सदस्य-सचिव घिसिङ एसिया रग्बीका कार्यकारी सदस्य पनि हुन्। सदस्य-सचिव घिसिङ २०१२ मा नेपाल रग्बी संघको अध्यक्षमा निर्वाचित भएएता २०२१ सम्म अध्यक्षको जिम्मेवारीमा थिए। २ वर्षअघि उनी राखेप सदस्य-सचिवमा नियुक्त भएपछि अध्यक्ष पदबाट राजीनामा दिएका थिए।

उनको कुशल नेतृत्वमा नेपाली रग्बीले विश्वव्यापी मान्यता पाएको थियो।

सन् २०१८ मा नेपालले एसिया रग्बीको पूर्ण सदस्यता तथा सन् २०२० मा विश्व रग्बीको एसोसिएत मेम्बर प्राप्त गर्दा सदस्य-सचिव घिसिङको महत्वपूर्ण भुमिका थियो। उनकै महत्वपूर्ण भुमिकामा नेपालले यसै वर्ष विश्व रग्बीको पूर्ण सदस्यता पाएको थियो।

सन् २०१९ मा एसिया रग्बीको सदस्यमा निर्वाचित भएपछि सदस्य-सचिव घिसिङ खासगरी दक्षिण एसियालाई केन्द्रमा राखेर एसियामा रग्बीको विकास र विस्तारमा निरन्तर कृयाशील रहँदै आएका छन्।




## कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# उखु खेतीमा कृषकको पिडा र चिनीमा आत्मनिर्भरता

**–हरि गौतम**

यस वर्षको दसैं र तिहारमा चिनीको हाहाकार भयो। रक्सौलमा ६४ रुपैयाँ प्रतिकेजी पाइने चिनी काठमाडौं पुग्दा १७० रुपैयाँ प्रतिकेजीसम्म पुग्यो। २ केजी चिनी लिन सर्वसाधारण दिनभर लाइनमा बस्न बाध्य भए, धादिङदेखि चिनीको लागि वृद्धवृद्धासहित सयौं सर्वसाधारण काठमाडौंमा साल्ट ट्रेडिङ अगाडि लाइन लागे। सीमा क्षेत्रमा आफ्ना नातेदार, इष्टमित्रलाई काठमाडौंवासीले चिनी पठाइदिन याचना गरे। सहरी क्षेत्रमा त जसोतसो कालोबजारीबाट चिनी पाइहाले पनि ग्रामीण क्षेत्रमा सबैभन्दा बढी हाहाकार भयो।

यति मात्र होइन, चिनी नपाएका कारण कतिपय मिठाइ पसल बन्द भए। मुलुकमा अन्य कुनै समस्या नभएजस्तै सबैतिर चिनी आपूर्तिबारे टिप्पणी भयो। चिनी आपूर्तिमा सरकारी अकर्मण्यता प्रस्टै देखियो। चिनीको समुचित आपूर्ति मिलाउन नसक्दा सरकारले तीव्र आलोचना सहनु पऱ्यो। आम जनताको बुझाइमा केही सीमित कालोबजारी र माफियालाई पोस्न सरकारले जानीजानी यो अवस्था ल्यायो भन्ने बुझाइ मानिसमा पर्न गयो। व्यवसायीहरूले समयमै चिनीको हाहाकार हुने सूचना सरकारलाई दिए पनि सरकारले नसुनेकोले यो अवस्था आयो।

नेपालमा वार्षिक करिब ३ लाख मेट्रिक टन चिनीको आवश्यक पर्छ। आन्तरिक उत्पादनबाट वार्षिक १ लाख ५० हजार मेट्रिक.टन चिनी उत्पादन हुन्छ र बाहिरबाट करिब १ लाख ५० हजार मेट्रिक टन आयात गर्नुपर्छ। यस वर्ष वीरगञ्ज भन्सार नाकाबाट चिनी आयात भएकै छैन भने करिब १ लाख ५० हजार मेट्रिकटन चिनी अवैध कारोबारको माध्यमबाट आपूर्ति भएको छ। सुरुमा सरकारले वैध माध्यमबाट चिनी आयात गर्न व्यवसायीलाई लाइसेन्स दिएको र सीमा क्षेत्रका भारतीय सहरको मूल्यका आधारमा भन्सार लगाएको भए चिनीको कालोबजारी हुने थिएन। सरकारले चिनी आयातमा ३० प्रतिशत भन्सार लगाएकाले भनि यो समस्या आएको हो।

के नेपालमा वैज्ञानिक उखु खेती सम्भव छैन ? के चिनीमा हामी आत्मनिर्भर हुन सक्दैनौं ? अन्तर्राष्ट्रिय बजारको मूल्यमा यहाँ चिनी उपलब्ध गराउन सक्दैनौं ? प्रशस्त चिनी उत्पादन गरेर आयात प्रतिस्थापन गर्न सक्दैनौं ?

अब प्रश्न उठ्छ, के नेपालमा पर्याप्त उखु उत्पादन हुँदैन ? अर्थात् उखु खेती गरी चिनीमा हामी आत्मनिर्भर हुन सक्दैनौं ? गम्भीर प्रश्न छ। थोरैमात्र व्यवस्थापन मिलाउने हो भने हामी चिनीमा आत्मनिर्भर मात्रै होइन, विदेशमा निर्यात गर्न सक्छौं। उखु खेतीको लागि हाम्रो माटो राम्रो छ। मेहनती कृषक छन्। चिनी मिल स्थापना भइसकेका छन्। सरकारले कतिपय कृषि उपजमा अनुदानको व्यवस्था गरेको छ। उखु किसानलाई पनि त्यो दिन सकिन्छ। तर पनि चिनी उत्पादनमा के कारणले हामी पछि पऱ्यौं र परनिर्भर भयौं त ? गम्भीर समीक्षा गर्नुपर्ने बेला आएको छ।

सर्वप्रथम उखु खेतीमा सबैभन्दा बढी पीडित कृषकहरू नै छन्। उखुको उत्पादकत्व कम हुने मुख्य कारण गुणस्तरीय बिउ बिजन नहुनु हो। यहाँ कृषकले समयमा गुणस्तरीय बिउ पाउँदैनन्, उखुको बिउ समय समयमा सुधार गरिरहनु पर्छ। यसमा अनुसन्धानको ठुलो महत्त्व छ। यहाँ २० वर्षसम्म एकै प्रकारको बिउ प्रयोग गरिरहेका छन्। सहुलियत ऋण पाउँदैनन्, मल पाउँदैनन्, किटनाशक औषधि पाउँदैनन्।

दोस्रो, यहाँ कृषकले सानो युनिटमा गरिएको निर्वाहमुखी कृषि खेती बाहेक आधुनिक खेतीको ज्ञान उनीहरूलाई छैन। फलतः उनीहरूको उत्पादकत्व अत्यन्त कम छ। तेस्रो, कृषकहरूलाई वर्षभरि लगाएको उखु बिक्री गर्न समयमा चलानी पाउँदैनन्, चलानी पाइहाले पनि उखु बिक्रीको मोल समयमा पाउँदैनन्। चर्को ब्याज दरमा ऋण लिएर गरेको उखु खेतीको समयमै भुक्तानी नपाउँदा घरखेत लिलाम हुने अवस्था आउँछ। उखुको पैसा भुक्तानीका लागि सरकारलाई दबाब दिन महिनौंसम्म माइतीघर मण्डलामा धर्नामा बस्नु पर्दछ। अझ धेरै उद्योगले त कृषकलाई जालमा पारी कृषकसँग सोझै उखु खरिद नगरी बिचौलिया खडा गरी सस्तो दरमा खरिद गरी कृषकको शोषण गर्दछन्।

बढ्दो उत्पादन तथा मजदुर लागतले गर्दा कृषकलाई उखु खेती फाइदाजनक भएन। र, बिस्तारै उनीहरू उखु खेतीबाट पलायन हुँदै गए। यस वर्ष मिल सञ्चालन गर्ने बेला भइसक्यो तर अहिलेसम्म सरकारले उखुको न्यूनतम समर्थन मूल्य तोकेको छैन। तिहार, छठ पर्व मनाउन केही कृषकले सस्तो दरमा खाँड सारीलाई उखु दिन थालिसके। चिनीमा आत्मनिर्भर हुनका लागि उद्योगहरूको पनि महत्त्वपूर्ण योगदान हुन्छ।

सरकारले थोरै सहजीकरण नगरी दिँदा उखु उद्यमीहरू पनि समस्यामा छन्। आफ्नो क्षेत्रमा उत्पादन भएको उखु अन्य क्षेत्रमा लैजाने, क्षमता अनुसार उखु नपाउने, गलत श्रम ऐनका कारण श्रमिकसँगको लफडा, स्थानीय गुन्डाहरूको समस्या, चर्को ब्याज दर र उद्योगको सही व्यवस्थापन नहुँदा केही उद्योग सम्भावना हुँदाहुँदै पनि बन्द भइरहेका छन्। जबसम्म उद्योग सञ्चालनको सम्भावना रहन्छ तबसम्म उद्योग बन्द हुँदैन। किन उद्योगहरू बन्द भइरहेका छन् ? त्यसको सूक्ष्म कारण खोजी गर्नु पर्दछ। नेपालको सन्दर्भमा चिनी मिल सबैभन्दा बढी सम्भावना भएको उद्योग हो, यसले सहरको पैसा गाउँमा लैजान्छ, ग्रामीण रोजगारी सिर्जना गर्दछ। नगदे बालीको विकास भई कृषकको जीवनस्तर उल्लेखनीय सुधार्छ। उखु खेतीमा हुने अन्तरबाली विकास गर्न सकिए र कृषक, उद्योग एवम् सरकारले थोरै सहजीकरण गरे एकै जमिनबाट दोहोरो फाइदा लिन सकिन्छ। अन्तरबालीको रूपमा उखु खेतीभित्र वृक्षारोपण गर्न सकिन्छ।

गुणस्तरीय उखुका कारणबाट उद्योगले चिनीको रिकभरी अहिले ८.५ प्रतिशतको तुलनामा १०.५ प्रतिशतसम्म प्राप्त गर्नेछन्। मिल पूर्ण क्षमतामा सञ्चालन हुनेछ र यही औद्योगिक संरचना यही खेतीबाट चिनीमा हामी आत्मनिर्भर हुनेछौं।

के नेपालमा वैज्ञानिक उखु खेती सम्भव छैन ? के चिनीमा हामी आत्मनिर्भर हुन सक्दैनौं ? अन्तर्राष्ट्रिय बजारको मूल्यमा यहाँ चिनी उपलब्ध गराउन सक्दैनौं ? प्रशस्त चिनी उत्पादन गरेर आयात प्रतिस्थापन गर्न सक्दैनौं ? अहिलेको अहम् प्रश्न हो।

नेपाल चिनीमा आत्मनिर्भर हुन सक्छ। यसमा विभिन्न निकायले थोरै सहजीकरण गर्नुपर्छ। सबैभन्दा पहिलो दायित्व सरकारको हो। सरकारले स्थानीय उद्योगहरूलाई सकभर मिल गेट डेलिभरी हुने गरी उनीहरूलाई मिल सञ्चालन गर्न कति जग्गा चाहिन्छ, सो अनुसार ऐन नियम वा कार्यविधिका माध्यमबाट उक्त जमिनमा उत्पादन हुने उखु अमुक उद्योगले मात्र पाउने व्यवस्था गर्नु पर्छ र सो उद्योगलाई आवश्यकता



नभए मात्र उसको सहमतिमा अन्यत्र बेच्न पाउने व्यवस्था गर्नुपर्छ। अब सो जग्गामा कृषकहरूको सहकार्यमा उखुको उत्पादकत्व बढाउन उद्योगीले पहल गर्नुपर्छ।

सरकारले कृषकलाई दिएको सहुलियत ब्याज दरको ऋण, गुणस्तरीय बिउ बिजन, मल, किटनाशक औषधि, वैज्ञानिक खेती पद्धति, सामूहिक खेती पद्धतिका विधि अपनाएर प्राविधिक दक्ष जनशक्तिको उपलब्धता, कृषि विकासबाट आवश्यक सहयोग एवम् समन्वय लिएर प्रति बिघा प्रति क्विन्टल २५० बाट उत्पादकत्व बढाएर ७००-८०० क्विन्टल पुऱ्याउनु पर्छ र मिलले आफ्नो सिफारिसमा बैंकबाट कृषकले लिएको ऋण कट्टा गरी समयमै कृषकलाई भुक्तानी दिनुपर्छ। फलतः कृषकले आफ्नो बालीको अपेक्षित लगानी पाउनेछन्। गुणस्तरीय उखुका कारणबाट उद्योगले चिनीको रिकभरी अहिले ८.५ प्रतिशतको तुलनामा १०.५ प्रतिशतसम्म प्राप्त गर्नेछन्। मिल पूर्ण क्षमतामा सञ्चालन हुनेछ र यही औद्योगिक संरचना यही खेतीबाट चिनीमा हामी आत्मनिर्भर हुनेछौं।

अर्कोतर्फ बैंकको ऋण नउठ्ने सम्भावना पनि हुँदैन। बैंकले खुसीका साथ लगानी गर्नेछन्। उद्योगले कृषकबाट ऋण असुली गरी बैंकलाई पठाउने भएकाले बैंक सुरक्षित हुनेछ। यस कार्यक्रमबाट सरकारको कुनै रकम पनि खर्च हुँदैन। सरकारले कानुनका माध्यमबाट सहजीकरण गर्ने, गुणस्तरीय बिउका लागि छिमेकी मुलुकसँग पहल गर्ने र सरकारी प्राविधिक टोलीलाई परिचालन गरे पुग्छ।

चिनी उद्योगहरू विशिष्ट प्रकृतिका उद्योगहरू हुन्। यी उद्योग बढीमा वर्षमा ६ महिना मात्र चल्छन्। तसर्थ चिनी मिलमा श्रम ऐन लचिलो हुनुपर्छ।

चिनी मिल स्थानीय क्षेत्रको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका हुने भएको सरकारले स्थानीय गुन्डा, बदमासबाट चिनी मिललाई संरक्षण गर्नुपर्छ। उद्योगीले आफ्नो क्षेत्रमा गुणस्तरीय उखुको उत्पादकत्व बढाउन, वैज्ञानिक पद्धति अनुसार खेती गर्न, किटनाशक औषधि, बिउ बिजन सहज रूपमा उपलब्ध गराउने, कृषकको उखु खरिद गरी समयमै भुक्तानी दिने र मिल पूर्ण क्षमतामा चलाउने कार्य गर्दछ भने कृषकले ढुक्क भएर उत्पादनमा मात्र लाग्ने छन्। मुलुक चिनीमा आत्मनिर्भर हुनेछ र अझ निर्यात समेत गर्ने छ। उपभोक्ताले सस्तो दरमा चिनी पाउनेछन्, सबैले जित्नेछन्, हार्ने भनेको हाम्रो कुशासन र अकर्मण्यता मात्र हुने छ।

(लेखक वीरगञ्ज चिनी कारखानाका पूर्व अध्यक्ष र वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हुन)







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday